श्री ५ को सरकार

## अर्थ मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको व्यापार मुनाफा र पारिश्रमिक कर नियमहरू, २०१७ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ।

# व्यापार मुनाफा र पारिश्रमिक कर नियमहरू २०१७

व्यापार मुनाफा र पारिश्रमिक कर ऐन २०१७ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यी नियमहरूको नाम व्यापार मुनाफा र पारिश्रमिक कर नियमहरू २०१७ रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन्।

२ परिभाषा:– (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा:–

(क) ऐन भन्नाले व्यापार मुनाफा र पारिश्रमिक कर ऐन २०१७ सम्झनु पर्छ।

(ख) कर दाता भन्नाले ऐन बमोजिम कर लाग्ने रकम व्यापार मुनाफा वा पारिश्रमिकको रूपबाट आर्जन गर्ने वा पाउने व्यक्ति सम्झनु पर्छ र

(ग) अनुसूची भन्नाले यी नियमहरूको अनुसूची सम्झनु पर्छ।

(२) यी नियमहरूमा प्रयोग गरिएका तर परिभाषामा नगरिएका शब्द तथा वाक्यांशको अर्थ ऐनमा दिए बमोजिम हुने छ।

३ पारिश्रमिकको विवरण दाखिल गर्ने:– (१) ऐन बमोजिम कर लाग्ने रकम पारिश्रमिकको रूप बाट आर्जन गर्ने वा पाउने प्रत्येक कर दाताले अनुसूची (क) बमोजिमको ढाँचा प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तसम्ममा सम्बन्धित कर अफिसर छेउ आफूले पाउने पारिश्रमिकको विवरण दाखिल गर्नु पर्छ।

(२) कुनै परिस्थितिमा म्याद थप गर्न परेमा श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाश गरी म्याद थप गर्न सक्ने छ।

(३) उप नियम (१) वा (२) बमोजिम विवरण दाखिल गर्नुपर्ने कर्तव्य भएका कर दाताले उक्त विवरण आफै दाखिल गर्न नसकेमा सो म्यादभित्र वारेस द्वारा वा रजिष्टरी गरी हुलाकद्वारा सम्बन्धित कर अफिसरकहां दाखिल गर्न गराउनसक्ने छ।

५९३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४ पारिश्रमिक बांडने अधिकारीको काम कर्तव्य:- (१) प्रत्येक कर दाताको प्रत्येक महीनाको पारिश्रमिकबाट साल भरीमा उक्त करको अंक सधान हुने अनुपात बाट सम्बन्धित पारिश्रमिक बाँडने अधिकारीले कर कट्टा गरी सो कट्टा गरेको सात दिन भित्र निजले उक्त रकम नेपाल राष्ट्र बैंकमा र सो नभए को ठाउँमा माल अड्डामा दाखिल गर्नु पर्छ ।

तर– विदेशी मुलुकमा रहेको करदाताको पारिश्रमिकको हक्मा श्री ५ को सरकारले तोके बमोजिमको ठाउँमा उक्त रकम दाखिल गर्ने गराउनु पर्छ ।

(२) उप नियम (१) बमोजिम कर कट्टा गरेपछि सो अधिकारीले सम्बन्धित कर दातालाई सो रकमको अक बुझेको रसीद दिनु पर्छ ।

(३) पारिश्रमिक कर कट्टा गर्नुपर्ने कुनै करदाता बढुवा वा घटुवा भएमा र यसरी निजले पाउने पारिश्रमिकमा घटबढ हुन आएमा वा पहिलेको ठाउँबाट सरुवा भई अरू कुनै ठाउँबाट पारिश्रमिक पाउने भएमा उक्त अधिकारीले यसरी घटबढ भएको विचार गरी जम्मा साल भरमा पाउने पारिश्रमिकबाट करको अंक र सरुवा भएमा निजले साविकको ठाउँमा काम गरेको पारिश्रमिक पाउने दिनसम्मको दामासाहीको हिसावले करको अक कट्टा गरी उपनियम (१) बमोजिम रकम दाखिल गर्नुपर्छ र कुनै ठाउँमा सरुवा भएको रहेछ भने उक्त अधिकारीले त्यसको सूचना सम्बन्धित कर अफिसरलाई दिनुपर्छ ।

(४) सम्बन्धित पारिश्रमिक बाँडने अधिकारीले प्रत्येक करदाताको नाम, ठेगाना र निजको पारिश्रमिकबाट कट्टा गरिएको करको अंकको फांटवारी खुलाई महीना महीनामा सम्बन्धित कर अफिसरकहाँ दाखिल गर्नु पर्छ ।

(५) सम्बन्धित पारिश्रमिक बाँडने अधिकारीले आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र अगिल्लो वर्षमा कट्टा गरेको पारिश्रमिक करको जम्मा जम्मी अंक सहितको बिवरण अनुसूची (ख) बमोजिमको ढाँचामा सम्बन्धित कर अफिसर छेउ दाखिल गर्ने गराउनु पर्छ ।

५. कर दाताको कर्तव्य:—(१) प्रत्येक करदाताले आफ्ना तलव भत्ता बाँडने अधिकारीलाई आफ्नो पारिश्रमिकको कूल अंकको लगत दिनु पर्छ र दिनु पर्ने करको अंक कट्टा गराउनु पर्दछ ।

(२) एकभन्दा बढी ठाउँमा काम गरे बापत वा विभिन्न श्रोतबाट अलग अलग पारिश्रमिक पाउने व्यक्तिको कूलपारिश्रमिकको अंक ऐन बमोजिम कर लाग्ने अंक पुग्न आएको रहेछ भने निजले उक्त करको अंक कुनै पारिश्रमिक बांडने अधिकारीद्वारा कट्टा गराउन सक्नेछ । र नियम४को उपनियम (१) बमोजिम सो अक कट्टा गर्नु सो अधिकारीको कर्तव्य हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कुनै करदाताले उपनियम २ बमोजिम कर कट्टा गराउन पारिश्रमिक बांडने अधिकारी तोकेपछि सो निर्णय गरेको सात दिन भित्र सम्बन्धित कर अफिसर छेउ निजले सो कुराको जनाउ दिनुपर्छ र पछि निजले अरू कुनै पारिश्रमिक बाँडने अधिकारीद्वारा उक्त करको अंक कट्टा गराउन चाहेमा त्यसको पूर्व स्वीकृति सम्बन्धित कर अफिसरसँग लिनु पर्छ ।

६. कर अफिसरले हाजिरहुन आदेश दिनसक्नेः– नियम ३,४, वा ५ बमोजिम दाखिल हुन आएको विवरण स्पष्ट नभएमा बिवरण दाखिल गर्ने गराउने व्यक्तिलाई कर अफिसरले आफ्नो अफिसमा झिकाई आवश्यक कुरा बुझ्न सक्ने छ ।

७. पारिश्रमिक करको निर्धारणः– नियम ३, ४ वा ५ मा लेखिए बमोजिम बिवरण दाखिल भएपछि कर अफिसरले पारिश्रमिक कर निर्धारण गर्नेछ र महीना महीनामा कट्टा भई आएको जम्मा अंक लिनु पर्ने करको अंकसँग नमिल्ने हुन आएमा सो मिलाउने गरी सम्बन्धित पारिश्रमिक बांडने अधिकारीलाई सो कुराको सूचना दिनु पर्छ र सो बमोजिम पारिश्रमिक बांड्ने अधिकारीले कर कट्टा गर्नु पर्छ ।

८. द्रव्यकोषमा प्रोविडेन्ट फन्डको निमित्त तोकिएको शर्त तथा बन्देजः–(१) ऐनको दफा ४ को खन्ड (ज) को प्रयोजनको निमित्त सरकारी कर्मचारीले कुनै द्रव्यकोष वा प्रोविडेन्ट फन्डमा आफ्नो पारिश्रमिकको अंकबाट कट्टा गरी जम्मा गर्ने रकमको सम्बन्धमा तोकिएको शर्त तथा बन्देज भन्नाले तत्सम्बन्धी तत्काल प्रचलित नेपाल कानून वा सरकारी आदेश निर्देश वा सूचना सम्झनु पर्छ ।

(२) कुनै कम्पनी फर्म वा अरू सार्वजनिक संस्थाले आफनो कर्मचारीहरूको निमित्त कुनै द्रव्यकोष वा प्रोविडेण्ट फण्डको व्यवस्था गरेको भए त्यस्ता कर्मचारीले सो फण्डमा जम्मा गर्ने रकमको सम्बन्धमा सरकारी कर्मचारीलाई सरह समान शर्त तथा बन्देज लागू हुनेछ ।

तर त्यस्तो कुनै कम्पनी फर्म वा सार्वजनिक संस्थाको द्रव्यकोष वा प्रविडेण्ट फण्ड सम्बन्धी आफ्नो छुट्टै शर्त तथा बन्देज रहेछ र त्यस्तो शर्त तथा बन्देज श्री ५ को सरकारबाट स्वीकृत भएमा ती शर्त तथा बन्देजलाई तोकिएको शर्त तथा बन्देज मानिनेछ।

९. व्यापार मुनाफाको बिवरण दाखिल गर्ने म्याद :– (१) प्रत्येक कम्पनी वा फर्मका मुख्य अधिकारीले वा ऐन बमोजिम कर लाग्ने रकम व्यापार मुनाफाको रूपमा आर्जन गर्ने वा पाउने प्रत्येक करदाताले ऐनको दफा १० मा लेखिएको वार्षिक बिवरण अनुसूची (ग) बमोजिमको ढांचामा साल तमामी भएको ३ महीना भित्र सम्बन्धित कर अफिसर छेउ दाखिल गर्नुपर्छ सो बिबरणमा बिक्री भै वा अरू कुनै तरहबाट हुन आएको जम्मा आम्दानीको र मौज्दात रहेको कोरा माल तयारी माल र अर्ध तयारी मालको लागत मोल खुलाउन पर्छ।

५९५
आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रत्येक कंपनि वा फर्मका मुख्य अधिकारीले वा उपनियम (१) बमोजिम बिवरण दाखिल गर्नु पर्ने करदाताले आफूले मानिआएको आफनो व्यापारको साल तमामीको अवधिर मिति कर अफिसरलाई सूचित गर्नु पर्छ।

तर यसरी मानिआएको आर्थिक सालको अवधि कुनै परिस्थितिमा पनि ३९० दिनभन्दा बढी हुने छैन।

(३) उपनियम (२) बमोजिम कर अफिसरलाई सूचित गरिराखेको व्यापारको साल तमामीको अवधि वा मिति कारण बस हेरफेर गर्नु परेमा यो नियमको प्रयोजनको निमित्त कर विभागको स्वीकृतिबाट हेरफेर गर्न सकिने छ।

१० <u>खूद मुनाफा निकाल्ने तरीका :–</u> (१) कर अफिसरले व्यापारमा मुनाफाको हिसाब गर्दा देहाय बमोजिम भएको खर्चको अंक कटाई खूद मुनाफाको अंक निकाल्ने छ।

(क) व्यापारको निमित्त बहाल लिएको घर जग्गाको बहाल बापत तिरेको रकम।

(ख) व्यापारको निमित्त मरम्मत गरी बस्ने शर्तमा लिएको घरको हकमा सो घर मरम्मत गर्दा लागेको रकम।

(ग) व्यापारको निमित्त सापटी लिएको रुपैयांको व्याज।

(घ) व्यापारको निमित्त प्रयोग भएको कल सामान, फर्निचर तथा अरू साधनहरूको मरम्मतको लागि भएको खर्चको रकम।

(ङ) व्यापारको निमित्त प्रयोग भएको कलसामान फर्निचर तथा अरू साधनहरूको वार्षिक टुटफुट मिनाहा (डिप्रिसेसन) हुने रकम।

(च) व्यापारमा प्रयोग भएको घर जग्गामा कुनै कूत तिरो वा अन्य कुनै किसिमको कर तिर्नु पर्ने भए सो रकम।

(छ) व्यापारको काममा लगाइएका कर्मचारीहरू र मजदूरलाई दिएको बोनस वा कमिशन वा तलब भत्ताको रकम।

(ज) मुनाफा गर्ने उद्देश्यले व्यापारको प्रयोजनको लागि मात्रखर्च गरिएको अरू जुनसुकै खर्च।

(झ) असल नहुने भनी श्रेस्तामा मिनाहा लेखिसकेको कर अफिसरले मनासिब ठहराएको असामी बाकी रकम।

तर पछि कुनै तरीकाबाट त्यस्तो असामी बांकीको सबै वा केही अंश असूल हुन आएमा सो असूल हुन आएको सालको हिसाबमा उक्त रकम आम्दानी तर्फ जनाइने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 496

(२) उद्योग धन्धामा प्रयोग भएको घरमा चार प्रतिशत व्यापारमा मात्र प्रयोग भएको घरमा दुइ प्रतिशत कल सामानमा सात प्रतिशत फर्निचरमा पांच प्रतिशत र अरू साधनमा ६ प्रतिशतमा नबढाई टुटफुट मिनाहा (डिप्रिसेसन) दिइने छ।

तर यसरी टुटफुट मिनाहा खर्च कटाउंदै लैजाँदा लागत मोलभन्दा बढी हुने मिनाहा हुने छैन ।

(३) उपनियन (१) को खण्ड (क),(ख),(घ), र (ङ) मा उल्लेख गरिएको घर जग्गा कल सामान फर्निचर र अरू साधनहरू व्यापार बाहेक अरू काममा वा करदाताको पछि निजी उपभोगको लागि पनि प्रयोग गरिएको रहेछ भने सम्बन्धित व्यापारमा मात्र उपेक्षण गरिएको अनुपातको अंकसम्म नाफा नोक्सानको हिसावको खर्च तर्फ सम्मिलित गरिने छ ।

(४) उपनियम (१) को खंड (ज) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको रकमहरू उपनियम (१) बमोजिम खर्च तर्फ समावेश गरिने छैन ।

(क) कट्टा गरी श्री ५ को सरकारमा दाखिल गर्नु पर्ने पारिश्रमिक कर कट्टा नगरी त्यसै रहेको नेपाल अधिराज्य बाहिर बसोवास गर्ने व्यक्ति को पारिश्रमिक,

(ख) पब्लिक लिमिटेड कम्पनी बाहेक अरू करदाताको आफ्ना हिस्सेदार-हरूलाई दिएको पारिश्रमिक कमिशन र व्याज ।

(ग) करदाताले आफ्नो अन्तर्गतको संचयको रूपैयां अवकाश प्राप्त कर्मचारीहरूलाई खर्च लेखि दिंदा त्यसमा लाग्ने पारिश्रमिक कर कट्टा गरी श्री ५ को सरकारमा दाखिल गर्ने प्रवन्ध नमिलाएकोमा त्यस्तो सन्चयमा करदाताको तर्फबाट थपी दिने रूपैयां ।

११. <u>व्यापार मनाफामा करको निर्धारण र सो बुझाउने म्याद</u>:— (१) नियम ६ बमोजिम व्यापार मुनाफाको बिवरण दाखिल भएपछि कर अफिसरले उक्त मुनाफामा लाग्ने करको अंक निर्धारण गरी त्यस्को जनाउ संबन्धित व्यक्तिलाई दिनेछ ।

(२) कर अफिसरले कर निर्धारित गरेपछि नेपाल राष्ट्र बैंकमा र सो नभएका ठाउँमा माल अड्डामा निर्धारित कर सो आदेश पाएका ३५ दिन भित्र तिर्नु भनी कर निर्धारित आदेशको साथै अवस्थानुसार नेपाल राष्ट्र बैंक वा माल अड्डामा दाखिल गर्न चलानी पनि करदातालाई दिनु पर्छ र करको अंक र आदेश दिएको मितिको रेकर्ड कर अफिसरले आफ्नो अफिसमा पनि राख्नु पर्दछ । कर निर्धारणको आदेशमा व्यापार मुनाफाको हिसाव कसरी गरिएको छ र त्यसमा कर कसरी निर्धारित गरिएको छ छोटकरी स्पष्ट विवरण दिनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) बमोजिम करदाताले कर दाखिल गरेमा सो दाखिल गरेको ३ दिन भित्र अवस्थानुसार नेपाल राष्ट्र बैंक वा माल अड्डाले सो कुराको जनाउ सम्बन्धी कर अफिसरलाई दिनु पर्छ र कर अफिसरले सो सूचना पाए पछि उक्त रकमको आम्दानी बांध्नु पर्छ ।

(४) कर दाखिल गरेको सूचना नेपाल राष्ट्र बैंक वा माल अड्डाबाट प्राप्त हुन आएमा कर अफिसरले सो कर दाखिल गरे नगरेको कुरा नेपाल राष्ट्र बैंक वा माल अड्डासंग बुझ्नु पर्छ र सो दाखिल नगरेको ठहरिन आएमा कर अफिसरले इलाका माल अड्डालाई ऐन बमोजिम उक्त कर असूल उपर गर्नु भनी लेखी पठाउनु पर्छ ।

१२. यथाशक्य न्यायोचित अनुमानको आधार:– कर अफिसरले ऐनको दफा १४ अन्तर्गत यथाशक्य न्यायोचित अनुमानबाट कर निर्धारण गर्दा सकभर देहायको आधारबाट कर निर्धारण गर्नेछ :–

(क) कर इन्सपेक्टर वा अरू कसैको गोप्य रिपोर्ट परेको भए सो आधारमा र

(ख) त्यस्तै किसिमका अरू करदाताले त्यस्तै किसिमका व्यापारमा के कति कर दिएको छ सो आधारमा ।

१३. जरिवानाको रकम असूल गर्ने:– (१) कुनै व्यक्तिलाई ऐन अन्तर्गत कर अफिसरले जरिवाना तोकेकोमा सो दण्ड जरिवानाको रकम सो व्यक्तिबाट असूल गर्न इलाका माल अड्डामा लेखी पठाउनु पर्छ र इलाका माल अड्डाले पनि सरकारी बांकी सरहको कारवाई गरी असूल उपर गर्नु पर्छ ।

तर धरौटी वा धन जमानी राखी अपील गरेकोमा त्यस्तो अपीलमा अन्तिम फैसला भै नसकेसम्म निजको सम्पत्ति जायदाद गर्न हुंदैन ।

(२) अपील गर्दा धरौटी वा त्यस्को धन जमानी कर अफिसर कहाँ राख्नु पर्छ । त्यस्तो धरौटी रूपैयाँ नेपाल राष्ट्र बैंक वा माल अड्डामा कर अफिसरको धरौटी खातामा जम्मा गरिने छ ।

१४. सांचो सूचना बारे कारवाई:– (१) ऐनको दफा १८ बमोजिम हुने व्यक्तिले कर अफिसर छेउ सूचना दिएकोमा कर अफिसरको सूचना अनुसार वा आफै उपस्थित हुन आएमा कर अफिसरले सनाखत गरी निजसंग रहेको सबूद प्रमाण सबै बुझ्ने छ । निज उपस्थित हुन नआएमा कर अफिसरले आफ्नो मातहतको कर इन्सपेक्टरलाई उक्त सूचना बमोजिमको कुरा सांचो हो होइन बुझ्न लगाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त सबूद प्रमाणबाट वा कर इन्सपेक्टरको जाँच बूझबाट उक्त सूचना बमोजिम कारवाई चलाउन उपयुक्त र यथेष्ट प्रमाण

५९५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छ भन्ने कर अफिसरलाई लागेमा निजले त्यस्तो व्यक्ति उपर आवश्यक कानूनी कारबाई चलाउने छ । कानूनी कारबाई चलाउने यथेष्ट सबूद प्रमाण छैन भन्ने कर अफिसरलाई लागेमा संक्षिप्तमा आफ्नो ठहर लेखी आफ्नो अफिसमा रेकर्ड राख्न पर्छ ।

(३) उपनियम (१) बमोजिम प्राप्त हुन आएको सूचना बमोजिमको कुरा साँचो ठहरी सो बमोजिम कर असूल उपर भएमा ऐन बमोजिम इनाम दिनलाई कर अफिसरले कर विभागका डाइरेक्टरमा रिपोर्ट पेश गर्नेछ ।

(४) सूचनासम्म दिई कर अफिसरले बोलाएको बखत उपस्थित नहुने वा वारेस पनि नपठाउने वा सबूद प्रमाण पनि दाखिल नगर्ने व्यक्तिलाई ऐन बमोजिमको इनाम दिइने छैन ।

१५. सानाउद्योगः– साना उद्योग भन्नाले निम्नलिखित उद्योगलाई मानिने छः–

(क) विद्युत शक्तिको प्रयोग नभएकोमा जतिसुकै पूँजी लगाए पनि २० जनासम्म मानिस वा पशुको मद्दतले चालू भएको उद्योग ।

(ख) विद्युत शक्तिको प्रयोग भएकोमा १५ घोडासम्मको विद्युत शक्ति प्रयोग गरी ने. रू. १ लाखसम्मको पूँजी लगाई चालू भएको उद्योग ।

१६. अन्य कामः–(१) कर अफिसरले आफ्नो अन्चलको सदर मुकाममा काम सकिए पछि आफ्नो साल भरको रुटिन अनुसार अन्चलका विभिन्न स्थानमा मुकाम गरी कर निर्धारण र दाखिलको आदेश दिनेछ ।

(२) कर अफिसर नभएका इलाकामा बस्ने करदाताले जिल्लाको गोस्वारा वा माल अड्डामा ऐन वा यो नियम बमोजिमको विवरण दाखिल गर्न सक्नेछ । यस्तो अड्डामा कर सम्बन्धी काम गर्ने एक वा एकभन्दा बढी कर्मचारी रहन सक्ने छन् । निजले कर निर्धारण र असूल गर्ने बाहेक कर सम्बन्धी अरू काम गर्नेछ । निज अन्चल कर अफिसरका मातहतमा रहनेछ ।

(३) कर तिर्नु पर्ने भन्ने लागेका करदाताहरूको तथ्यांक संकलन गर्ने कर अफिसरको आदेश बमोजिम सरजमीन जाँच बुझ गर्ने र कर अफिसरले लाए अन्हाएको अरू काम गर्ने कर इन्सपेक्टरको कर्तव्य हुनेछ । निजसँग आफ्नो फोटो भएको कर डाइरेक्टर वा अन्चल कर अफिसरले दस्तखत गरी राखेको परिपत्र पत्र रहनेछ ।

(४) कर अफिसमा रहनु पर्ने रजिष्टरको ढांचा सम्पत्ति कर डाइरेक्टरले तोकिदिने छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यापार मुनाफा र पारिश्रमिक कर
व्यानं. ७ (ख)

अनुसूची (क)

## नियम ३ बमोजिम दाखिल गर्नुपर्ने विवरण

ऐनको दफा अनुसार दाखिला गर्ने आर्थिक विवरणको तोकिएको ढांचा

श्री कर अफिसर
... ... ... ... ...
... ... ... ... ... ... ... ...

महाशय,

व्यापार मुनाफा र पारिश्रमिक कर ऐनको दफा अनुसार मैले हामीले पेश गर्नुपर्ने पारिश्रमिकको विवरण म्यादभित्रै तल लेखिए बमोजिम पेश गरेको छु / छौं / त्यसमा ऐन बमोजिम कर निर्धारण होस् र फलानाठाउँमा सो कर बुझाइदिनु भनी चलानी पाए पछि म्याद भित्रै बुझाउनेछु / छौं /

पारिश्रमिक

| स्रोत | तलब वर्ष १ को | भत्ता वर्ष १को | अरू कुनै रकम भए सो | जम्मा हुनआएको | कैफियत |
|---|---|---|---|---|---|
| १, | | | | | |
| २, | | | | | |
| ३, | | | | | |

माथि लेखिएको विवरण झुट्ठा ठहरे प्रचलित नेपाल कानून बमोजिम सहुँला बुझाउँला।

मिति .... .... .... पारिश्रमिक पाउनेको पूरा नाम, दर्जा र ठेगाना दस्तखत

420

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यापार मुनाफा र पारिश्रमिक कर

व्या नं.७ ( ग )

# अनुसूची (ख)

## नियम ४।५ संग सम्बन्धित

अञ्चल कर अफिसको नाम
सूचक नं.

ऐनको दफा · · · र नियमको दफा
आर्थिक साल समाप्त भए पछिको श्रावण

बमोजिम पारिश्रमिकबांड्ने अधिकारीले हरेक
गतेसम्ममा सम्बन्धित कर अफिसर कह

विवरणको ढांचा

| सि:नं. | कर्मचारीको नाम र वतन | दर्जा वा काम | निजले सो वर्ष भरिमा पाउने | | | सञ्चय कोष लाई कट्टी भएको | निजले पाएको सालभरको कर लाग्न अंक | साल भरको कर कट्टी अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | तलव भत्ता पेन्सन उपदान | घर भाडा स-वारीभत्ता वा सुविधा फी बोनस कमिशन | जम्मा | | | | |
| | | | | | | | | | |

उस बाट साल १ मा ने.रू. ५०००।–भन्दा बढी पारिश्रमिक दिई काममा लगाई आएका जम्मै कर्मचारीहरूको नाम नमेसी र तिनीहरूको पारिश्रमिकबाट कट्टी गरी श्री ५ को सरकार मा दाखिल गरी दिएको पारिश्रमिक करको अंकसमेतको विवरण पेश गरेको छु। यो झुट्टा ठहरिएमा प्रचलित नेपाल कानून बमोजिम सहुँला बुझाउँला।

यो विवरण पेश गर्नेको दस्तखत

दर्जा

द्रष्टव्यः–यसमा नअटेमा पछिल्तिर लेख्नुहोला।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यापार मुनाफा र पारिश्रमिक कर
व्या. नं. ७ (क)

## अनुसूची (ग)

## नियम ९ र १० बमोजिम दाखिल गर्नपर्ने विवरण

श्री कर अफिसर,

महाशय,

व्यापार मुनाफा र पारिश्रमिक कर ऐनको दफा १० अनुसार मैले हामीले पेश गर्नुपर्ने व्यापार मुनाफाको विवरण म्याद भित्रै तल लेखिए बमोजिम पेश गरेको छु छौं । त्यसमा ऐन बमोजिम कर निर्धारण होस् र फलाना ठाउँमा सो कर बुझाई दिनुभनी चलानी पाएपछि म्याद भित्र बुझाउने छु छौं ।

(१) व्यापार मुनाफा

| मुनाफाका स्त्रोतहरु | वार्षिक मुनाफा प्रत्येकस्त्रोतको | जम्मा मुनाफा | कैफियत |
|---|---|---|---|
| | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## (२) हरेक स्रोतको विस्तृत विवरण

| आम्दानी | खर्च |
|---|---|
| १. बिक्री बाट | १. माल खरीद तर्फ |
| | २. तलव मजुरी तर्फ |
| ✦२. अरू रकमबाट | ३. घर जग्गा बहाल |
| | ४. घर जग्गा मरम्मत |
| ३. | ५. सापटी रूपैयाँको ब्याज |
| | ६. कल सामान इत्यादिको मरम्मत |
| ४. | ७. टुटफुट (डिप्रीसिएशन) |
| ५. मौजदात जम्मा | ८. मालपोत, सम्पत्तिकर न.पा. कर |
| कोरा माल | ९. बोनस कमिशन द्रव्यकोष |
| तयारी माल | ✦१०. असूल नहुने असामी |
| अर्ध तयारि माल | ✦११. व्यापारकै निमित्त लाग को अरू खर्च । |
| | खुद मुनाफा |
| जम्मा | जम्मा |

द्रष्टव्यः– आम्दानी खर्च भिडाउनालाई कर अफिसरले कच्चावारी माग गरेमा माग गर्ने-बित्तिकै प्रस्तुत गर्नु पर्दछ

✦खर्चतर्फको नं. १० को असामीको कच्चावारी नाम नमेसी र अंकसमेत दिई श्रेस्तामा मिन्हा लेखिसकेको भनी स्पष्ट किटानीसाथ लेखी दस्तखत गरी पठाउनु पर्दछ ।

✦खर्च दफा नं. ११ को कच्चावारी यही फाराममा उल्लेख हुनु पर्दछ ।

✦आम्दानी तर्फ नं. २ को कच्चावारी यही फाराममा उल्लेख हुनु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## (३) कारोवारवालाको नाम नमेसी

यस आर्थिक साल भित्रमा तल लेखिए बमोजिमका व्यक्ति कम्पनी फरम या सार्व-जनिक संस्थासंग रु. ५०००। भन्दा बढीको कारवार भएको छः–

| नाम र ठेगाना | ऋण या बिक्रीबाट प्राप्त | ऋण या खरीद बापत दिएको | कैफियत |
| --- | --- | --- | --- |
| १, | | | |
| २, | | | |
| ३, | | | |
| ४, | | | |

## (४) कर लाग्ने आर्थिक साल

कर दाताको आर्थिक साल

माथि लेखिएको विवरण बिलकुल साँचो छ, झूठो ठहरे प्रचलित ऐन कानून बमोजिम सहुंला बुझाउँला।

विवरण पेश गरेको मितिः–

दस्तखत :–

दस्तखत गर्नेकोनाम· · · · · · दर्जाः–

कर दाताको नाम · · · · · · · · ·

ठेगाना ··· ··· ··· ···

आज्ञाले–

रामप्रसाद जोशी,

श्री ५ को सरकारका सचिव,

अर्थ मन्त्रालय,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार